तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## करार सेवाबाट कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/११/२७ गते)

प्रस्तुत विषयमा यस तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि आवश्यक अ.हे.ब. (चौंथो) र ल्याब असिस्टेन्ट (चौंथो) पदमा खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको १५ दिन भित्र तोकिएको आवेदन फाराम भरी आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र. सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०८-२०८२/८३ | अ.हे.ब./चौंथो | १(एक) | ५००।- | बोंगाखानी सामुदायिक स्वास्थ्य इकाईका लागि |
| २ | ०९-२०८२/८३ | ल्याब असिस्टेन्ट/चौंथो | १(एक) | ५००।- | तमान स्वास्थ्य चौकीका लागि |

आवश्यक न्यूनतम योग्यताः

१.न्यूनतम शैक्षिक योग्यताः

क) अ.हे.ब. को हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.हे.ब. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता/नवीकरण भएको हुनुपर्ने ।

ख) ल्याब असिस्टेन्टको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा हेल्थ ल्याब विषयमा टि.एस.एल.सि. वा सो सरहको कोर्ष उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता/नवीकरण भएको हुनुपर्ने ।

२. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

३. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषदमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सो खुल्ने कागजात र दुई प्रति पासपोर्ट साइजको फोटो ।

४. दरखास्त दस्तुर : रु.५००।-(पाँच सय मात्र) ।

५. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

६. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

७. आवेदन फाराम यस कार्यालयको वेबसाइट www.tamankholamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

८. दरखास्त दिने स्थान : तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बोंगादोभान, बागलुङ ।

९. सेवा सुविधा : गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

१०. थप जानकारीका लागि सम्पर्कः बिरेन्द्र बहादुर कठायत, प्रशासकीय अधिकृतः ९८६८१८००६८ ।

२०८२/११/२६

(अमित परियार)

प्रमुख प्रशासकीय अधिकृत

ईमेल- ito.tamankholamun@gmail.com वेबसाइट- www.tamankholamun.gov.np